**वन तथा वातावरण मन्त्रालय**

# वातावरण विभाग

बबरमहल, काठमाडौं

## विद्यालय केन्द्रित वातावरण संरक्षण कार्यक्रम

**विद्यालयले माग गर्न सक्ने प्रस्तावित वजेट (अधिकतममा) : १,४५,०००/- (एक लाख पैतालिस हजार मात्र)**

### विषयगत क्षेत्र तथा क्रियाकलापहरु

विद्यालयमा कार्यक्रम कार्यान्वयनका लागि जम्मा दुई विषयगत क्षेत्रहरु (Thematic Areas) प्रस्ताव गरिएका छन् र प्रत्येक विषयगत क्षेत्रभित्र विभिन्न क्रियाकलापहरु समावेश गरिएका छन् । विद्यालयले कार्यक्रम सञ्चालन गर्दा दुवै विषयगत क्षेत्र समेट्ने गरी गर्नुपर्दछ; क्रियाकलापहरुको हकमा भने प्रस्तावित क्रियाकलापहरु मध्ये चयन गर्न सकिनेछ । यसरी क्रियाकलापहरुको चयन गर्दा विद्यालयले भौतिक विषयगत क्षेत्र मध्ये कम्तिमा कुनै एक क्रियाकलाप अनिवार्य रुपमा गर्नुपर्ने हुन्छ भने सचेतना क्षेत्र अन्तर्गत पनि प्रस्तावित क्रियाकलाप र विषयमध्ये कम्तिमा कुनै एक क्रियाकलाप अनिवार्य रुपमा गर्नुपर्ने हुन्छ ।

- ❖ यस कार्यक्रमसँग सम्बन्धित सूचना, जानकारी वा रचना (कविता, लघुकथा, नाटक आदि) स्थानिय रेडियो एफ.एम. मार्फत प्रचारप्रसार हुनुपर्नेछ ।
- ❖ यसरी गरिने प्रचारप्रसारमा विद्यालय, वातावरण विभाग र कार्यक्रमको नाम अनिवार्य रुपमा राख्नुपर्ने र खर्च गरिने रकम रु.१०,०००/- (दस हजार) भित्र हुनुपर्नेछ ।

| भौतिक विषयगत क्षेत्र | सचेतना विषयगत क्षेत्र |
|---|---|
| **फलफूलका तथा रुखका बोटबिरुवाको वृक्षारोपण**<br>❖ कम्तिमा ३० प्रतिशत शोभनीय प्रजातिका र बढीमा ७० प्रतिशत रुख (फलफूल सहित) प्रजातिका रोपिनुपर्नेछ ।<br>❖ रोपिने रुख प्रजातिको विरुवा (मौसमी फूल बाहेक) कम्तिमा ३ देखि ५ फिटको हुनुपर्नेछ । | क्रियाकलापहरुः<br>विद्यालयभित्र वा अन्तर विद्यालय वक्तृत्वकला, वादविवाद, हाजिरीजवाफ, निबन्ध प्रतियोगिता, |

<table>
<tr>
<td>❖ स्थानीय हावापानीमा सजिलै हुर्कन सक्ने प्रजातिको वनस्पतिहरु रोपिनुपर्नेछ ।<br>❖ वनस्पतिहरुको सुरक्षाको लागि कम्तिमा ५ फिट उचाइको Tree guard को व्यवस्था हुनुपर्नेछ ।</td>
<td rowspan="3">लघुकथा प्रतियोगिता, कविता प्रतियोगिता, नाटक मञ्चन, चित्रकला, सचेतना र्‍याली, Upcycling जस्ता क्रियाकलाप मध्ये कम्तीमा कुनै एक क्रियाकलाप गरिनुपर्नेछ ।<br><br>विषयहरु :<br>वैकल्पिक झोला प्रवर्द्धन, वायु प्रदुषण, जल प्रदुषण, जमिन प्रदुषण, ध्वनी प्रदुषण, फोहोरमैला व्यवस्थापन, कम्पोष्टिङ्ग, Organic Farming, जलवायु परिवर्तन, वन्यजन्तु संरक्षण, प्रकोप व्यवस्थापन जस्ता वातावरणीय सवालका मुद्दाहरु<br><br>-यस अन्तर्गत कार्यक्रम गर्दा विद्यालय वाहिरको विज्ञ संलग्न गराउन नपाइने<br>-सचेतना सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा विद्यालयभित्रको सचेतना कार्यक्रमको लागि बढीमा रु.१०,०००/- (दश हजार) खर्च गर्न सकिने तथा अन्तर विद्यालयस्तरको कार्यक्रमको लागि</td>
</tr>
<tr>
<td>विद्यालय हाताभित्र ठोस फोहोरमैला व्यवस्थापन<br>❖ ठोस फोहोरको रुपमा विभिन्न प्रकारका फोहोर (कागज, प्लाष्टिक, कुहिने तथा अन्य) कति मात्रामा उत्पादन हुने (कम्तीमा ६ दिनको लागि) अध्ययन गरी रेकर्ड राख्नुपर्नेछ र यसबाट डष्टविन तथा अन्य आवश्यक सामग्रीको सङ्ख्या निक्यौंल गर्नुपर्नेछ ।<br>❖ डष्टविनको हकमा ठूलो साइजको डष्टविन (कम्तीमा ३० लिटरको) तथा फोहर राख्दा सकेसम्म हातले खोल्नुनपर्ने खालको डष्टविन राख्नुपर्नेछ ।<br>❖ डष्टविन कुहिने, नकुहिने तथा अन्य गरी आवश्यकता अनुरुप राख्नुपर्नेछ ।<br>❖ डष्टविन राख्दा सकेसम्म फलामको stand को संरचना बनाई राख्नुपर्नेछ ।</td>
</tr>
<tr>
<td>ईको पार्क निर्माण (Eco-park)<br>❖ कम्तिमा ३० प्रतिशत शोभनीय प्रजातिका र बढीमा ७० प्रतिशत रुख (फलफूल सहित) प्रजातिका रोपिनुपर्नेछ; कम्तीमा ३ देखि ५ फिटको हुनुपर्नेछ ।<br>❖ विद्यार्थीहरुको अध्ययन/अनुसन्धान कार्यका लागि सहयोग हुने किसिमको तथा स्थानीय हावापानीमा सजिलै हुर्कन सक्ने प्रजातिका वनस्पतिहरु रोपिनुपर्नेछ ।<br>❖ रुख प्रजातिको वनस्पतिहरुमा फलामको नेम प्लेट राखी उक्त वनस्पतिको Common Name तथा Scientific Name राख्नुपर्नेछ ।<br>❖ वनस्पतिहरुको सुरक्षाको लागि कम्तिमा ५ फिट उचाइको Tree guard को व्यवस्था हुनुपर्नेछ ।<br>❖ उद्यान क्षेत्रका फोहोरको उचित व्यवस्थापन (कुहिने/नकुहिने फोहोर अलग अलग जम्मा गर्ने व्यवस्था)</td>
</tr>
</table>

| | |
|---|---|
| भएको हुनुपर्नेछ; कुहिने फोहोरलाई कम्पोष्टिङ गर्ने व्यवस्था हुनुपर्नेछ ।<br>❖ उद्यान सुरक्षा र संरक्षणका लागि सम्भव भएसम्म Bio Fencing (रुख बिरुवा तथा झाडीलाई लहरै रोपेर सिमाना तथा बारको रुपमा प्रयोग गर्नु) को प्रयोग गर्नुपर्नेछ तथा बस्ने बेन्चको लागि पनि बाँस जस्तो जैविक वस्तुको प्रयोग हुनुपर्नेछ । | सो रकममा बढीमा ५० प्रतिशत थप गर्न सकिने<br><br>-विद्यालयले प्रतियोगिताबाट छनौट भएका उत्कृष्ट रचनाहरु वातावरण विभागमा पेश गर्नुपर्नेछ । |
| **ईको पोखरी निर्माण (Eco-pond)**<br>❖ पोखरीको साइज १०*१२*२.५ फिटको हुनुपर्नेछ ।<br>❖ पोखरीको घेराबेरा गर्दा hedge लाई प्रयोग गर्न सकिनेछ ।<br>❖ पोखरीमा पानी भरणको लागि स्रोतको व्यवस्था हुनुपर्नेछ । | |
| **कम्पोष्टिङ्ग/Vermi कम्पोष्टिङ्ग** (यसमा कुनै एक वा दुवै विधि प्रयोग गर्न सकिने)<br>❖ विद्यालयमा उपलब्ध हुन सक्ने (फोहरको मात्रा सम्बन्धी रेकर्डबाट) कुहिने फोहरको मात्रा अनुसार कम्पोष्ट विन वा Vermi कम्पोष्ट विन तथा अन्य सामग्रीको सङ्ख्या निक्यौंल गर्नुपर्नेछ ।<br>❖ कम्पोष्ट विन वा Vermi कम्पोष्ट विन राखिने स्थान सरसफाई गर्न तथा कम्पोष्ट निकाल्न सहज हुने किसिमले (सामान्य संरचना/फलामको stand प्रयोग गरी) तथा विद्यालयमा प्रत्यक्ष असर नपर्ने गरी अलग स्थानमा कम्पोष्टिङ्ग साइटको रुपमा राख्नुपर्नेछ । | |

**पारिभाषिक शब्दहरु**

१. शोभनीय प्रजातिका विरुवा : सजावटको हिसाबले लगाइने रुखका तथा शोभनीय प्रजातिका विरुवा; उदाहरण-शिरीषको फूल, कल्की, धुपी लगायत शोभनीय फूल (सयपत्री, असर्फि, गोदावरी, चमेली आदि)

२. रुख प्रजातिका बिरुवा : कपूर, अम्वा, आँप, निम, जामुन, कोइरालो, तेजपात लगायतका रुखका विरुवाहरु

३. Tree Guard : रोपिएको बिरुवालाई वस्तुभाउबाट जोगाउन लगाइने संरचना; फलामको गोलाकार संरचनाको प्रयोग गर्न सकिने

४. Bio Fencing : रुखको बिरुवालाई लस्करै रोपेर पर्खालको रुपमा कायम गरिने संरचना

५. Hedge : झाडीदार बिरुवालाई लस्करै लगाएर बनाइने बार

६. Vermi composting : जैविक फोहोरलाई गड्यौलाको प्रयोगले मलमा परिणत गरिने विधि

७. Compost bin : जैविक फोहोरलाई प्राकृतिक तवरले कुहाउन प्रयोग गरिने विन (भाँडा)

८. Upcycling: फोहोर वा काम नलाग्ने बस्तुलाई रचनात्मक रुपमा पुन:प्रयोग गरी नयाँ वस्तु वा काम लाग्ने वस्तु बनाउने प्रक्रियालाई Upcycling भनिन्छ । उदाहरणको लागि पूरानो पत्रिका प्रयोग गरी बास्केट वा डालो बनाउने, पूरानो कपडाबाट झोला बनाउने आदि।

# विद्यालयले आवेदन साथ विभाग समक्ष पेश गर्ने फारामको ढाँचा

| क्र.स. | विवरण | | | |
|---|---|---|---|---|
| १ | विद्यालय सम्बन्धी जानकारी | | | |
| | नाम | | | |
| | स्थापना मिति | | | |
| | PAN नम्बर | | | |
| २ | हाल बाहालिमा रहनुभएका प्रधानाध्यापकको | | | |
| | नाम | | | |
| | सम्पर्क नम्बर | | ईमेलः | |
| ३ | विद्यालयले ओगटेको क्षेत्रफल | | संरचना बाहेकको क्षेत्रफल : | |
| ४ | विद्यालयले ओगटेको क्षेत्रफलको स्वामित्व | | | |
| ५ | विद्यालयको पुरा ठेगाना | प्रदेश | गाउँपालिका/ नगरपालिका | वडा नं. |
| ६ | विद्यालयको किसिम | क) सामुदायिक | ख) सरकारी | |
| ७ | विद्यालयमा पढाई हुने तह | क) आधारभूत | ख) माध्यमिक | |
| ८ | विद्यार्थी संख्या | क) आधारभूत तहमा | ख) माध्यमिक तहमा | |
| ९ | वातावरण विषय पढाई | क) अनिवार्य (EPH) र ऐच्छिक | ख) अनिवार्य (EPH) मात्र | |
| १० | सम्बन्धित विषय पढाउने शिक्षकको शैक्षिक योग्यता | क) वातावरण/ जनसङ्ख्या/स्वास्थ्य/ विज्ञान विषयमा स्नातक | | ख) अन्य |
| ११ | विगतमा यस विद्यालयमा वातावरण संरक्षण सम्बन्धी कार्यक्रमहरु (वातावरण विभागसँगको बाहेक) | क) भएको | ख) नभएको | |
| ११.१ | | कार्यक्रम | | सम्पन्न वर्ष |

| | | | | |
|---|---|---|---|---|
| | कार्यक्रम भएको खण्डमा कार्यक्रमको सूची र सम्पन्न वर्ष | १. | | |
| | | २. | | |
| | | ३. | | |
| | | ४. | | |
| १२ | हालसम्म वातावरण विभागसँगको सहकार्यमा विद्यालय केन्द्रित वातावरण संरक्षण कार्यक्रम | क) भएको खण्डमा भएको मिति : | ख) नभएको | |
| १३ | विद्यालयमा विद्यालय केन्द्रित वातावरण संरक्षण कार्यक्रम कार्यान्वयन गर्न सम्पर्क व्यक्तिको विवरण | | | |
| | नाम | | | |
| | पद | | | |
| | शैक्षिक योग्यता | | | |
| | मोबाईल नम्बर (प्रधानाध्यापक बाहेक) | | | |
| | ईमेल | | | |

## विद्यालयले प्रस्ताव साथ पेश गर्नुपर्ने निवेदनको ढाँचा

(विद्यालयको लेटर हेड भएमा सो को प्रयोग गरी)

मिति :

श्रीमान् महानिर्देशकज्यू,
वातावरण विभाग,
बबरमहल, काठमाण्डौ ।

विषय : विद्यालय केन्द्रित वातावरण संरक्षण कार्यक्रमको प्रस्ताव सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा गोरखापत्र राष्ट्रिय दैनिकको मिति २०८०/०५/११ मा प्रकाशित विद्यालय केन्द्रित वातावरण संरक्षण कार्यक्रमको लागि प्रस्ताव माग भएको सूचना बमोजिम यस ..........................................................................................विद्यालय उक्त कार्यक्रम गर्न इच्छुक भएकोले यसै निवेदन साथ प्रस्ताव र अन्य आवश्यक कागजात संलग्न गरिएको व्यहोरा अनुरोध छ ।

निवेदक

नाम...............................

दर्जा.............................................

## <u>विद्यालयले पेश गर्नुपर्ने प्रस्तावको ढाँचा</u>

१. प्रस्तावित कार्यक्रमको सान्दर्भिकता (Rationale of the Study)

यस शिर्षकमा विद्यालयले कुन क्षेत्र (वृक्षारोपण, फोहोरमैला व्यवस्थापन, सचेतना आदि) मा कार्यक्रम प्रस्ताव गर्न खोजेको हो तथा सो प्रस्ताव विद्यालयको वातावरणीय पक्ष प्रवर्द्धन/सुधारमा कुन रुपमा आवश्यक छ सो विषय स्पष्टसँग खुलाउनुहुन ।

२. प्रस्तावित कार्यक्रमको उद्देश्यहरु (Objectives)

यस शिर्षकमा विद्यालयको लागि कार्यक्रमको सञ्चालनबाट हुने मुख्य तथा विशिष्ट उद्देश्यहरुलाई उल्लेख गर्नहुन ।

३. प्रस्तावित कार्यक्रम तथा सो सम्पन्न गर्ने विधिहरु (Proposed Programs and Methods)

यस शिर्षकमा विद्यालयले प्रस्ताव गरेको कार्यक्रमहरु तथा प्रत्यक कार्यक्रमलाई सम्पन्न गर्न आवश्यक विधिहरुलाई स्पष्टसँग बुँदागत रुपमा प्रस्तुत तालिकामा उल्लेख गर्नहुन ।

(आवश्यकता अनुसार तालिकाको row तथा column थप घट गर्न सकिने)

| क.स. | प्रस्तावित कार्यक्रमहरु | कार्यक्रम सम्पन्न गर्ने विधिहरु |
|---|---|---|
| १ | | -<br>- |
| २ | | -<br>- |
| | | |
| | | |

४. कार्यक्रममा विद्यार्थीको सहभागिता

यस शिर्षकमा कार्यक्रम अनुसार विद्यार्थीको सहभागिता कुन रुपमा गराउन सकिन्छ भन्ने विषयवस्तु समावेश गर्नुहुन । उदाहरणको लागि एउटा नमूना निम्न तालिकामा भरिएको छ । यसलाई आधार बनाई यसै बमोजिम तालिका भर्नहुन ।

| क्र.सं. | कार्यक्रम | विद्यार्थी सङ्ख्या | सहभागिता |
|---|---|---|---|
| १. | फलफुल तथा अन्य बोट बिरुवा वृक्षारोपण | १०० जना | -बिरुवा रोप्ने कार्यमा<br>-बिरुवाको रेखदेख तथा पानी राख्ने कार्यमा |
| २. | वायु प्रदुषण सम्बन्धी सचेतना कार्यक्रम | ५० जना | -वकतृत्वकला कार्यक्रममा सहभागी |
| ३. | | | |

## ५. समय तालिका तथा प्रस्तावित बजेट (Time frame and proposed budget)

### ५.१ समय तालिका (आवश्यकता अनुसार तालिकाको row तथा column थप घट गर्न सकिने)

यस खण्डमा प्रस्तावित कार्यक्रममा महिना अनुसार कस्तो प्रकारको क्रियाकलाप गर्न सकिन्छ भन्ने विषय उल्लेख गर्नुहुन । उदाहरणको लागि एउटा नमूना निम्न तालिकामा भरिएको छ । यसलाई आधार बनाई यसै बमोजिम तालिका भर्नहुन ।

| क. स. | प्रस्तावित कार्यक्रम | क्रियाकलाप | महिना | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | असोज | कार्तिक | मंसिर | पुस | माघ | फाल्गुन | चैत्र | वैशाख | जेष्ठ |
| १ | फलफुल तथा विरुवा वृक्षारोपण | आवश्यक बोट विरुवा तथा सामग्रीको सङ्ख्या सहित लिष्ट तयार | | ■ | | | | | | | |
| | | वृक्षारोपणको लागि स्थान छनौट, तयारी तथा निश्चित्त दुरीमा मार्किङ्ग | | | ■ | ■ | | | | | |
| | | खाडल तयार तथा विरुवा रोपण | | | | | ■ | | | | |
| | | प्रतिवेदन तयारी तथा विभागमा पेश | | | | | | ■ | ■ | | |
| २ | जल प्रदुषण सम्बन्धी सचेतना कार्यक्रम | विषयको पहिचान गरी कार्यक्रमको खाँका तयार | | ■ | ■ | | | | | | |
| | | विद्यार्थी सहभागि गराई कार्यक्रम आयोजना | | | | ■ | | | | | |
| | | प्रतिवेदन तयारी तथा विभागमा पेश | | | | | ■ | ■ | | | |
| ३ | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | |

५.२ प्रस्तावित बजेट (आवश्यकता अनुसार तालिकाको row तथा column थप घट गर्न सकिने)

यस खण्डमा विद्यालयले कार्यक्रम अनुरुप विभिन्न शिर्षकमा के कति खर्च प्रस्ताव गरेको छ सो विषय उल्लेख गर्नुहुन । उदाहरणको लागि एउटा नमूना निम्न तालिकामा भरिएको छ । यसैलाई आधार बनाई आफूले प्रस्ताव गर्ने कार्यक्रमको बजेट यसै बमोजिम तालिकामा भर्नहुन ।

| क्र.स. | विवरण | एकाई | अनुमानित बजेट | | |
|---|---|---|---|---|---|
| | | | परिमाण (क) | दर (रु.) (ख) | कूल रकम (रु.) |
| १ | कम्पोष्टिङ्ग | | | | |
| | कम्पोष्ट बिन | वटा | ५ | जिल्ला दर रेट | (क)* (ख) |
| | विन stand | के.जी. | १० | जिल्ला दर रेट | (क)* (ख) |
| | जम्मा रकम | | | | |
| २ | वैकल्पिक झोला प्रवर्द्धन कार्यक्रम | | | | |
| | खाजा | जना | २०० | जिल्ला दर रेट | (क)* (ख) |
| | स्टेशनरी | जना | २०० | जिल्ला दर रेट | (क)* (ख) |
| | विविध | ल.स. | | | |
| | जम्मा रकम | | | | |
| | कूल जम्मा | | | | |

६. कार्यक्रमको नविनता (Innovativeness of Program)

यस शिर्षक अन्तर्गत प्रस्तावित कार्यक्रममा पृथक वा नविन रुपमा गर्न प्रस्ताव गरिएका क्रियाकलापहरुको विवरण उल्लेख गर्नुहुन ।

७. कार्यक्रमको सम्भावित प्रतिफल (Expected Results)

यस शिर्षकमा कार्यक्रमबाट अपेक्षित प्रतिफल के आउन सक्छ बुँदागत रुपमा उल्लेख गर्नहुन । साथै अपेक्षित प्रतिफल उल्लेख गर्दा कार्यक्रमको उद्देश्यहरुलाई पनि मध्यनजर गर्नुहुन ।

**विद्यालयहरुले गर्न नहुने कार्यहरु**

- स्थानीय तहमा सहज तरिकाले उपलब्ध हुने औजार लगायतका निर्माण तथा अन्य सरसामग्री सम्भव भएसम्म खरिद गर्न नहुने
- वृक्षारोपण कार्यको लागि सम्भव भएसम्म ज्यामीको प्रयोग नगरी शिक्षक, विद्यार्थी तथा स्थानीय समुदायको सहभागिता जुटाई कार्य सञ्चालन गर्ने
- बढी लागत पर्ने मेसीनरी औजार खरिद गर्न नहुने
- कार्यक्रम अन्तर्गत खरिद गरिएको सरसामग्रीको प्रयोग विद्यालय बाहिर गर्न नहुने
- वातावरणीय सचेतनाको कार्यक्रम सञ्चालनको लागि विद्यालयभित्र गरिने कार्यक्रममा रु. दश हजार भन्दा बढी खर्च गर्न नहुने
- कार्यक्रम प्रचारप्रसारको लागि रेडियो, एफ.एम. को प्रयोग गर्दा खर्च रकम रु. दश हजार भन्दा बढी गर्न नहुने

**<u>कार्यक्रम सम्पन्न भए पश्चात भुक्तानी माग गर्दा संलग्न गर्नुपर्ने कागजातहरु</u>**

१. कार्यक्रम सम्पन्न भएको व्यहोरा उल्लेख गरी रकम माग भएको निवेदन

२. कार्यक्रम सम्पन्न भएको प्रमाणित प्रतिवेदन (अनुसूची ५)

३. सम्पादित कार्यक्रम दर्शाउने रंगिन तस्बिरहरु

- ❖ वृक्षारोपण, ईको पार्कको हकमा कार्यक्रम लागू गर्नु अघि र पछिको तस्वीरहरु,
- ❖ अन्य कार्यक्रमको हकमा कार्यक्रम सम्पन्न हुँदा वा पश्चात्तका तस्वीरहरु

४. सक्कल विल भर्पाई (प्रत्यक विलको पछाडि पानामा अनिवार्य रुपमा विद्यालयको प्रधानाध्यापक/आधिकारिक व्यक्तिको सही र विद्यालयको छाप राख्नुपर्ने) र प्रमाणित डोर हाजिरी

५. विद्यालय व्यवस्थापन समिति र स्थानीय तहबाट कार्यक्रम कार्यान्वयन सम्पन्न भएको सिफारिस पत्र

६. विद्यालयको PAN नम्बर, बैंक खाता नं. र विवरण (बैंकको नाम, चेकमा भएको विद्यालयको पूरा नाम, खाता नं., खाताको प्रकार स्पष्ट देखिने गरी खाली चेक पानाको छायाँ प्रति) पनि संलग्न गर्नुपर्नेछ।

(कार्य सम्पन्न भए पश्चात २०८१ बैशाख मसान्त भित्रै सक्कल कागजातहरु उपयुक्त माध्यमबाट विभागमा पेश गर्नुपर्नेछ ।)

# कार्यक्रम सम्पन्न प्रतिवेदन

१. सम्पन्न कार्यक्रमको सान्दर्भिकता र उद्देश्य (Rationale and Objectives of the Study)

यस शिर्षकमा विद्यालयले सम्पन्न गरेको कार्यक्रमको पृष्ठभूमि, कार्यक्रम गर्नुको औचित्य तथा कार्यक्रमको उद्देश्यलाई संक्षिप्त रुपमा उल्लेख गर्नुहुन ।

२. सम्पन्न क्रियाकलापहरु तथा अपनाइएका विधिहरु

यस शिर्षकमा विद्यालयले यस कार्यक्रम अन्तर्गत कुन कुन क्रियाकलापहरु सम्पन्न गरेको तथा कार्यक्रम सम्पन्न गर्न प्रयोग भएका विधिहरुहरुलाई बुँदागत रुपमा स्पष्टसँग खुलाउनहुन । सम्पन्न क्रियाकलापहरुलाई बुँदागत रुपमा प्रस्तुत तालिकामा उल्लेख गर्नहुन ।

(आवश्यकता अनुसार तालिकाको row तथा column थप घट गर्न सकिने)

| क.स. | प्रस्तावित क्रियाकलापहरु | कार्यक्रम सम्पन्न गर्ने विधिहरु |
|---|---|---|
| १ | | -<br>- |
| २ | | -<br>- |

३. सम्पन्न क्रियाकलापहरुमा विद्यार्थीहरुको सहभागिता

यस शिर्षकमा क्रियाकलाप अनुसार विद्यार्थीको सहभागिता कुन रुपमा भयो भन्ने विषयवस्तु समावेश गरी उल्लेख गर्नुहुन तथा प्रस्तुत तालिकामा भर्नहुन ।

(आवश्यकता अनुसार तालिकाको row तथा column थप घट गर्न सकिने)

| **क.सं.** | **कार्यक्रम** | **विद्यार्थी सङ्ख्या** | **सहभागिता** |
|---|---|---|---|
| १. | | | |
| २. | | | |

४. सम्पन्न कार्यक्रमबाट हासिल उपलब्धिहरु

यस शिर्षकमा सम्पन्न कार्यक्रमबाट विद्यालयले हासिल गरेको उपलब्धिहरु बुँदागत रुपमा राख्नहुन ।

५. अनुसूची (यस अन्तर्गत कार्यक्रमसँग सम्बन्धित रङ्गिन तस्वीरहरु तथा अन्य सम्बन्धित दस्तावेजहरु समावेश गर्नुहुन)